प्रेस विज्ञप्ति : मिति २०७५/०५/२५

-----------------------------------------

**समीक्षा गोष्ठी सम्पन्न : सक्रियता र सजगतापूर्वक काम गर्न निर्देशन।**

-----------------------------------------------------------------------------------------








अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा आयोजित आर्थिक वर्ष २०७४/७५ को बार्षिक समीक्षा गोष्ठी २०७५।५।२४ गते आइतबार सम्पन्न भएको छ।

माननीय कार्यवाहक प्रमुख आयुक्त श्री नवीनकुमार घिमिरे, माननीय आयुक्तहरु डा. गणेशराज जोशी, श्री राजनारायण पाठक र डा. सावित्री थापा गुरुङ तथा सचिव श्री महेश्वर न्यौपानेको विशेष उपस्थितिमा आयोजित गोष्ठीमा सहसचिव एवं नीति योजना तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा प्रमुख श्री रामेश्वर दंगालले आयोगको समग्र प्रगति प्रस्तुत गर्नुभएको थियो भने आयोगका इटहरी, वर्दिवास, हेटौंडा, पोखरा, बुटवल, सुर्खेत, कञ्चनपुर र नेपालगञ्ज स्थित कार्यालयहरूको तर्फबाट आर्थिक वर्ष २०७४/७५ मा सम्पादन भएका कार्यहरूको प्रगति, कार्यसम्पादनका क्रममा अनुभूत समस्याहरू र आगामी कार्यदिशाका बिषयमा प्रस्तुतीकरण गरिएको थियो।

कार्यक्रममा समापन निर्देशन दिदै माननीय कार्यवाहक प्रमुख आयुक्त श्री नवीनकुमार घिमिरेले अख्तियार दुरुपयोग अनुसन्धान आयोग मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासनमा सहयोग पुऱ्याउने संवैधानिक निकाय भएकाले आयोगको गरिमालाई ध्यानमा राखेर सक्रियता र सजगतापूर्वक काम गर्न

कर्मचारीहरुलाई निर्देशन दिनुभयो। भ्रष्टाचारजन्य कार्यउपरको अनुसन्धान पूर्ण, परिपक्व र प्रमाणमा आधारित हुनुपर्ने तथ्यमा जोड दिँदै माननीय कार्यवाहक प्रमुख आयुक्त श्री घिमिरेले कर्मचारीहरुले आफूलाई तोकिएको जिम्मेवारी समयमै पूरा गर्न तथा उजुरी फछ्र्यौट कार्यलाई तिब्रता दिन निर्देशन दिनुभयो।

त्यस अवसरमा माननीय आयुक्तहरु डा. गणेशराज जोशी, श्री राजनारायण पाठक र डा.सावित्री थापा गुरुङले अख्तियारप्रति रहेको जन विश्वासलाई कायम राखेर सरोकारवालाबाट प्राप्त सुझावहरू र कार्यसम्पादनको क्रममा अनुभव गरिएका समस्या र चुनौतीहरूबाट पृष्ठपोषण लिई उपयुक्त कार्यविधि, प्रविधि र क्षमता अभिवृद्धिका उपाय अवलम्बन गर्दै आगामी दिनमा कार्यसम्पादनमा अझै सुधार गर्दै जानुपर्ने कुरामा जोड दिनुभयो।

अयोगका सचिव श्री महेश्वर न्यौपानेले गोष्ठीमा उठेका विषयवस्तुमाथि प्रकाश पार्दै सूचना विश्लेषणमा आधारित अनुसन्धान कार्यलाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताउनुभयो।

आर्थिक वर्ष २०७४/७५ मा कुल १९४८८ उजुरी मध्ये १२४०० उजुरी फछ्र्यौट भएका छन्, जसमध्ये ६४५८ उजुरी प्रारम्भिक छानविनबाट तामेलीमा राखिएको छ भने २६२ उजुरी सुझाव सहित तामेलीमा पठाइएको छ। त्यस्तै, ५४६ वटा उजुरीउपर विस्तृत अनुसन्धान गर्ने निर्णय भएको छ भने ५८७ उजुरी अन्य उजुरीमा गाभिएका छन्। ४५४७ वटा उजुरी आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाइएका छन्। यसरी कुल १२४०० उजुरी फछ्र्यौट भई बाँकी रहेका ७०८८ उजुरीहरू भने चालु आ.व.मा सरेर आएका छन्। उजुरी फछ्र्यौटको विवरण देहाय बमोजिम रहेका छः

| जम्मा उजुरी | जम्मा फछ्यौट | बाँकी उजुरी | फछ्यौट मध्ये | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | विस्तृत अनुसन्धान | सिधै तामेली | सुझाव सहित तामेली | आवश्यक कारबाहीको लागि लेखी पठाइएको | अन्य उजुरीमा गाभिएको |
| १९४८८ | १२४०० | ७०८८ | ५४६ | ६४५८ | २६२ | ४५४७ | ५८७ |

आर्थिक वर्ष २०७४।७५ मा परेका विभिन्न मन्त्रालयगत उजुरीहरूको संख्या हेर्दा शिक्षा क्षेत्रसँग सम्बन्धित उजुरी १८.३२ प्रतिशत, संघीय मामिलासँग सम्बन्धित उजुरी १८ प्रतिशत, भूमिसम्बन्धी उजुरी करिब ६.५ प्रतिशत, वनसँग सम्बन्धित उजुरी करिब ४.५ प्रतिशत, स्वास्थ्य सेवासँग सम्बन्धित उजुरी ४.३७ प्रतिशत र अन्य निकायसँग सम्बन्धित उजुरी ३८.८ प्रतिशत रहेका छन्। विभिन्न निकायसँग सम्बन्धित जम्मा उजुरी र फछ्र्यौट भएका उजुरीको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | मन्त्रालय | जम्मा उजुरी संख्या | प्रतिशत | फछ्यौट भएका उजुरी संख्या |
|---|---|---|---|---|
| १. | शिक्षा | ३५७० | १८.३२ | २४९९ |
| २. | संघीय मामिला | ३५११ | १८.०२ | २२८१ |
| ३. | भूमिसुधार तथा व्यवस्था | १२६२ | ६.४८ | ७३३ |

| क्र.सं. | मन्त्रालय | जम्मा उजुरी संख्या | प्रतिशत | फछ्र्यौट भएका उजुरी संख्या |
|---|---|---|---|---|
| ४. | वन तथा भूसंरक्षण | ८७४ | ४.४८ | ६११ |
| ५. | स्वास्थ्य | ८५१ | ४.३७ | ६०४ |
| ६. | गृह | ८०४ | ४.१३ | ७०४ |
| ७. | भौतिक पूर्वाधार तथा यातायात | ५५० | २.८२ | ४०७ |
| ८. | अर्थ | ५०४ | २.५९ | ३७४ |
| ९. | अन्य निकाय | ७५६२ | ३८.८० | ४१८७ |
| १०. | **जम्मा** | **१९४८८** | **१००** | **१२४००** |

आर्थिक वर्ष २०७४।७५ मा सेवाग्राहीहरूको उजुरीका आधारमा गरिएका ९७ वटा रङ्गेहात कारबाहीहरूमा १५४ जना राष्ट्रसेवक तथा अन्य व्यक्तिहरूलाई नियन्त्रणमा लिई अनुसन्धान गरिएको छ। यसरी रङ्गेहात कारबाहीमा पर्नेहरूमा सहसचिव ३ जना, उपसचिव ७ जना, प्र.ना.उ. १ जना, शाखा अधिकृत २२ जना, इन्जिनियर १३ जना र राजपत्र अनंकित र सहायकस्तरका कर्मचारीहरूसहित अन्य व्यक्तिहरू १०८ जना रहेका छन्। मन्त्रालयगत रूपमा रंगेहात कारबाहीको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | मन्त्रालय | संख्या | क्र.सं. | मन्त्रालय | संख्या |
|---|---|---|---|---|---|
| १. | भूमिसुधार तथा व्यवस्था | १९ | २. | संघीय मामिला | १८ |
| ३. | गृह | १४ | ४. | उर्जा | १० |
| ५. | स्वास्थ्य | ६ | ६. | अर्थ | ५ |
| ७. | शिक्षा | ५ | ८. | श्रम तथा रोजगार | ४ |
| ९. | वन तथा भूसंरक्षण | ४ | १०. | अन्य | १२ |
| | **जम्मा** | **९७** | | | |

(रामेश्वर दंगाल)
सहसचिव एवं प्रवक्ता